आज **मिति २०७८ साल भाद्र १३ गते** चौरजहारी नगर कार्यपालिकाको **७१ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिती

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उप-प्रमुख | |
| ३ | श्री गोकुल ढुंगेल | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवी खड्का | का.बा.अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना विष्ट कार्की | सदस्य | |
| २० | श्री विनिता गुरुङ | सदस्य | |
| २१ | श्री दलसरी महतरा | सदस्य | |
| २२ | श्री असारे नेपाली | सदस्य | |
| २३ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २४ | श्री दिपा के सी | सदस्य | |

## मिति २०७८/०५/१३ गतेको नगर कार्यपालिकाको ७१ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०७८/०७९ को लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८/०७९ को लागि सञ्चालन गर्नुपर्ने मुख्यमन्त्री रोजगार कार्यक्रमहरु सम्बन्धित उपभोक्ता समूहबाट प्रस्ताव पेश गर्नुपर्ने भएको हुँदा उक्त समूहलाई सहजिकरण गर्ने । | |
| २ | कृषि प्रसार सेवा केन्द्र स्थापना सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८/०७९ मा प्रदेशको समन्वय र नगरपालिकाको सहकार्यमा प्रत्येक वडामा एक कृषि प्रसार सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने । | |
| ३ | कृषक पेन्सन कार्यक्रम कार्यान्वय कार्यविधी, २०७८ | कृषक पेन्सन कार्यक्रम कार्यान्वय कार्यविधी, २०७८ स्वीकृत गर्ने । | |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव | कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव | कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | कृषि तथा पशुपन्छी सम्बन्धी मापदण्ड, २०७८ सम्बन्धी प्रस्ताव | कृषि तथा पशुपन्छी सम्बन्धी मापदण्ड, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ७ | चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ८ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. आर्थिक वर्ष २०७८/०७९ को बालुवा, गिट्टी, ढुंगा दहत्तर बहत्तर उत्खनन् तथा संकलनको लागि गत आर्थिक वर्ष २०७७/०७८ को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरी यस वर्षको लागि बोलपत्र आव्हान गर्ने ।<br>२. श्री जनकल्याण माध्यमिक विद्यालय, सानाखोलाको अविरल वर्षातका कारण | |

विशाल शर्मा
प्रमुख

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | पहिरो गई पर्खाल भत्केकोले उक्त पर्खाल निर्माण गर्न आवश्यक पहल गर्ने<br>३. नगरपालिकामा युवा तथा खेलकुद विकास सम्बन्धी कार्यको लागि युवा तथा खेलकूद विकास कार्यविधि २०७७ को दफा ३ बमोजिम युवा तथा खेलकुद विकास समिति गठन गर्ने ।<br>४. चौरजहारी नगरपालिकाले निशुल्क र अनिवार्य आधारभूत शिक्षाको मान्यतालाई कार्यान्वयन गर्न कक्षा ५ (पाँच) सम्मका बालबालिकाहरुलाई निशुल्क पोषाक र स्टेशनरी सामग्रीहरु नगरपालिकाले तोकेको मापदण्ड र Specification अनुसार विद्यालयहरुले खरिद गर्न आर्थिक वर्ष २०७८/०७९ मा छुट्याएको रकम बालविकास र आधारभूत तह कक्षा १ देखि ५ सञ्चालन भएका सबै विद्यालयहरुमा IEMIS डाटामा भएको विद्यार्थी संख्याको आधार अनुदान स्वरुप एकमुष्ट रकम निकासा दिने र विद्यालयले नै खरीद गर्ने ।<br>५. चौरजहारी नगरपालिका नगर शिक्षा समितिको मिति २०७८/०४/२८ गतेको बैठकको निर्णयानुसार शिक्षा, युवा तथा खेलकुद शाखाले मिति २०७८/०५/०४ गते गरेको सामुदायिक विद्यालयमा विभिन्न तह, दरबन्दी र विषयमा कार्यरत शिक्षकहरुको काज सरुवा तथा शिक्षक र कर्मचारी छनौट समितिले मिति २०७८/०५/११ गते गरेको | |

विशाल शर्मा
प्रमुख

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | सामुदायिक विद्यालयहरुमा रिक्त विभिन्न तह र विषयका नगर करार दरबन्दीमा बैकल्पिक शिक्षक नियुक्ति र आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरे बमोजिम आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा कम्प्युटर शिक्षक तथा अन्य रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले मिति २०७८/०५/११ गते गरेको विज्ञापन अनुमोदन गर्ने ।<br>६. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ अनुसार चौरजहारी नगरपालिकाका सबै वडाका पूर्ण दृष्टिविहिन भएका व्यक्तिहरुलाई 'ख' वर्गको अपाङ्गता परिचय पत्र वितरण गर्दै आएकोमा अपाङ्गता भएका व्यक्तिहरुको हकहितका लागि मिति २०७८/०५/०७ गते बसेको अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिको बैठकबाट पूर्ण दृष्टिविहिन भएका व्यक्तिहरुलाई 'क' वर्गको परिचय पत्र वितरण गर्ने निर्णय अनुमोदन गर्ने । | |

विशाल शर्मा
प्रमुख

२०७८/५/१२

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७८/०५/१३ गतेको ७१ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु

१. मुख्यमन्त्री रोजगार कार्यक्रम इकाईले मिति २०७८/०५/०८ गते आव्हान गरेको मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने सम्बन्धी सूचना बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि यस नगरपालिकामा सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रमहरुको प्रस्ताव उपभोक्ता समूह मार्फत पेश हुने भएकोले प्रत्येक वडामा उपभोक्ता समिति गठन गरी उक्त समिति मार्फत प्रस्ताव पेश गर्न समूहलाई सहजिकरण गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२. “सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि, २०७७” को परिच्छेद २ को दफा (४) बमोजिम कृषकको जनसंख्या, कृषि तथा पशु विकासको संभावना, कृषि उत्पादन पकेट क्षेत्र/कृषि वाली वस्तुको उत्पादन क्लष्टर वा कृषि मूल्य श्रृंखला अवस्थिति र कृषि प्रसार सेवामा कृषकको पहुँचको आधारमा सेवाको आवश्यकता पहिचान गरी कम्तिमा एक वडामा एक सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

३. कृषक पेन्सन कार्यक्रम कार्यान्वय कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

४. कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

५. कृषि तथा पशुजन्य बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

६. कृषि तथा पशुपन्छी सम्बन्धी मापदण्ड, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

७. चौरजहारी नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधी, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

८. आर्थिक वर्ष २०७८/०७९ को बालुवा, गिट्टी, ढुंगा दहत्तर बहत्तर उत्खनन् तथा संकलनको लागि गत आर्थिक वर्ष २०७७/०७८ को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरी यस वर्षको लागि बोलपत्र आव्हान गर्ने प्रस्ताव सर्वसहतिबाट पारित गरियो ।

९. यस चौरजहारी नगरपालिका वडा नं. १२ स्थित श्री जनकल्याण माध्यमिक विद्यालय, सानाखोलाको पर्खाल अविरल वर्षातका कारण पहिरो गई भत्केकोले उक्त पर्खाल निर्माण गर्न आवश्यक पहल गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

विशाल शर्मा
प्रमुख

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

१०. चौरजहारी नगरपालिका युवा तथा खेलकूद विकास कार्यविधि २०७७ को दफा ३ बमोजिम नगरपालिकामा युवा तथा खेलकुद विकास सम्बन्धी कार्यविधिको अधिनमा रही कामकाज गर्न तपसिल बमोजिमका पदाधिकारी मनोनित गरी युवा तथा खेलकुद विकास समिति गठन गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

तपसिल

| क.स. | नाम थर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विवश कार्की | चौ.न.पा. वडा नं ३, रुकुम (पश्चिम) | अध्यक्ष | |
| २ | श्री राजु सुनार | चौ.न.पा. वडा नं १, रुकुम (पश्चिम) | सदस्य | |
| ३ | श्री प्रदिप राना | चौ.न.पा. वडा नं २, रुकुम (पश्चिम) | सदस्य | |
| ४ | श्री ज्ञानुका बुढा | चौ.न.पा. वडा नं २, रुकुम (पश्चिम) | सदस्य | |
| ५ | श्री कमला के.सी. | चौ.न.पा. वडा नं २, रुकुम (पश्चिम) | सदस्य | |
| ६ | श्री पूर्ण बहादुर बस्नेत | चौ.न.पा. वडा नं ३, रुकुम (पश्चिम) | सदस्य | |
| ७ | श्री दिपेन्द्र कार्की | चौ.न.पा. वडा नं ३, रुकुम (पश्चिम) | सदस्य | |
| ८ | श्री रेशम के.सी. | चौ.न.पा. वडा नं ४, रुकुम (पश्चिम) | सदस्य | |
| ९ | श्री सागर घर्ती | चौ.न.पा. वडा नं ५, रुकुम (पश्चिम) | सदस्य | |
| १० | श्री विकास वि.क. | चौ.न.पा. वडा नं ६, रुकुम (पश्चिम) | सदस्य | |
| ११ | श्री कमल सुनार | चौ.न.पा. वडा नं ७, रुकुम (पश्चिम) | सदस्य | |
| १२ | श्री भिम बहादुर बुढाथोकी | चौ.न.पा. वडा नं ८, रुकुम (पश्चिम) | सदस्य | |
| १३ | श्री राकेश मल्ल | चौ.न.पा. वडा नं ९, रुकुम (पश्चिम) | सदस्य | |
| १४ | श्री सन्देश रोकाय | चौ.न.पा. वडा नं १०, रुकुम (पश्चिम) | सदस्य | |
| १५ | श्री निराजन के.सी. | चौ.न.पा. वडा नं १०, रुकुम (पश्चिम) | सदस्य | |
| १६ | श्री वीरेन्द्र वि.क. | चौ.न.पा. वडा नं ११, रुकुम (पश्चिम) | सदस्य | |
| १७ | श्री दिलाराम ओली | चौ.न.पा. वडा नं ११, रुकुम (पश्चिम) | सदस्य | |
| १८ | श्री टेक बहादुर ओली | चौ.न.पा. वडा नं १२, रुकुम (पश्चिम) | सदस्य | |
| १९ | श्री राम बहादुर विष्ट | चौ.न.पा. वडा नं १३, रुकुम (पश्चिम) | सदस्य | |
| २० | श्री टोपेन्द्र हमाल | चौ.न.पा. वडा नं १३, रुकुम (पश्चिम) | सदस्य | |
| २१ | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | शिक्षा, युवा तथा खेलकुद, चौ.न.पा., रुकुम (पश्चिम) | सदस्य सचिव | |

विशाल शर्मा
प्रमुख

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

११. चौरजहारी नगरपालिकाले निशुल्क र अनिवार्य आधारभूत शिक्षाको मान्यतालाई कार्यान्वयन गर्न कक्षा ५ (पाँच) सम्मका बालबालिकाहरुलाई निशुल्क पोषाक र स्टेशनरी सामग्रीहरु नगरपालिकाले तोकेको मापदण्ड र Specification अनुसार विद्यालयहरुले खरिद गर्न आर्थिक वर्ष २०७८/०७९ मा छुट्याएको रकम रु ६००००००/- (अक्षरुपी साठी लाख मात्र) बालविकास र आधारभूत तह कक्षा १ देखि ५ सञ्चालन भएका सबै विद्यालयहरुमा IEMIS डाटामा भएको विद्यार्थी संख्याको आधार अनुदान स्वरुप एकमुष्ट रकम निकासा दिने र विद्यालयले नै खरीद गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१२. चौरजहारी नगरपालिका नगर शिक्षा समितिको मिति २०७८/०४/२८ गतेको बैठकको निर्णयानुसार शिक्षा, युवा तथा खेलकुद शाखाले मिति २०७८/०५/०४ गते गरेको सामुदायिक विद्यालयमा विभिन्न तह, दरबन्दी र विषयमा कार्यरत शिक्षकहरुको काज सरुवा तथा शिक्षक र कर्मचारी छनौट समितिले मिति २०७८/०५/११ गते गरेको सामुदायिक विद्यालयहरुमा रिक्त विभिन्न तह र विषयका नगर करार दरबन्दीमा बैकल्पिक शिक्षक नियुक्ति र आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेटमा उल्लेख गरे बमोजिम आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा कम्प्युटर शिक्षक तथा अन्य रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले मिति २०७८/०५/११ गते गरेको विज्ञापन अनुमोदन गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१३. अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ अनुसार चौरजहारी नगरपालिकाका सबै वडाका पूर्ण दृष्टिविहिन भएका व्यक्तिहरुलाई 'ख' वर्गको अपाङ्गता परिचय पत्र वितरण गर्दै आएकोमा अपाङ्गता भएका व्यक्तिहरुको हकहितका लागि मिति २०७८/०५/०७ गते बसेको अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिको बैठकबाट पूर्ण दृष्टिविहिन भएका व्यक्तिहरुलाई 'क' वर्गको परिचय पत्र वितरण गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

विशाल शर्मा
प्रमुख

२०७८/५/१२
गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत